भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

यु.ए.ई. ले फिलिपिन्स र नेपाललाई कोरोना भाईरस राहत अनुदान पठाय

तस्बिर: अरब न्युज



स्रोत: https://covid19.mohp.gov.np/#/

सरकारले कोभिड - १९ प्रतिकार्यका लागि छुट्याएको अनुमानित बजेट:

जन स्वास्थ्य तथा सामाजिक मापन (क्वारेन्टाईन व्यवस्थान, समुदाय परिचालन, संक्रमित तथा अनिहरुको सम्पर्कमा आएकाहरुको पहिचान, निगरानी, ईन्ट्रि पोईन्ट र समुदाय स्तरमा परिक्षण, ईमर्जेन्सी रेस्पोन्स टिम परिचालन) :	रु. ३,४७,३५,६२,०००
सरकारले अस्पतालमा हुने कोरोना उपचारको लागि छुट्याएको अनुमानित बजेट:	रु. २,९६,७९,९०,२००
प्रति बिरामी प्रति दिन जम्मा उपचार खर्च :	रु. २५,४३९
व्यवस्थापन, अनुगमन र अनुसन्धान :	रु. ४४,९३,८७,६८०
जम्मा :	रु. ६,८९,०९,३९,८८०

उपचारको लागि छुट्याएको बजेट र प्रति बिरामी प्रति दिन जम्मा उपचार खर्चको तुलना गर्ने हो भने, सो रकम एकदमै थोरै हो । यस हिसाबले, यदि कुनै एक बिरामील(ई २० दिन अस्पतालमा राखेर उपचार गर्ने हो भने, सो बजेत करिब ६ हजार बिरामीलाई उपचार गर्न मात्र पुग्नेछ ।

स्रोत: https://drive.google.com/file/d/1Jrg02HTqN-q8KkUESCne35GreQOL199h/view

हल्ला र तथ्य

काठमाण्डौ उपत्यकामा सवारी साधन चलाउन टाईमकार्ड लागु गरियो भनिएको छ । के लकडाउन खुला भएको हो ?

अत्यावश्यकिय सेवा प्रदान गर्ने सरकारी कार्यालय, बैंक तथा वित्तिय संस्था, उद्योग, जलविद्युत लगायतका ठुला आयोजना र अन्य सरकारले यस अघि सेवा सुचारु गर्न पाउने भनि निर्णय गरेका कार्यालयमा जाने कर्मचारीको हकमा थप कडाई गर्दै तोकिएको समयमामात्र कार्यालय देखी घर आवत जावत गर्न टाईमकार्डको व्यवस्था गरेको हो । सर्वसाधारणको लागि लकडाउन यथावत छ ।

स्रोत: http://www.moha.gov.np/

कोरोना महामारीको समयमा मानव अधिकारका मुद्दा अझै ओझेलमा पर्ने त हैनन्? यसको अनुगमन गर्ने कुनै विशेष संयन्त्र छ की?

कोभिड - १९ बाट उत्पन्न वर्तमान जटिल परिस्थितिमा मानव अधिकारको अवस्था अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोग, नेपाल बार एसोशियसन, नेपाल पत्रकार महासंघ र गैरसरकारी संस्था महासंघ नेपाल समेत चारवटै संस्थाहरुका प्रतिनिधि सम्मिलित उच्चस्तरीय मानव अधिकार अवस्था अनुगमन तथा समन्वय समिति, केन्द्रस्तरीय, प्रदेशस्तरीय र जिल्लास्तरीय मानव अधिकार अवस्था अनुगमन समिति गठन गरी कार्य गरिरहेका छन् ।
विस्तृत जानकारीको लागि हटलाईन ±९७७ १ ५०१०००० बिदाको दिन समेत २४ सै घण्टा खुला छ ।

स्रोत: https://www.nhrcnepal.org

संक्रमितको कन्ट्याक्ट ट्रेसिङ भरपर्दो नभएर संक्रमितको संख्या बढ्दैछ भन्छन् । वास्तवमा कन्ट्याक्ट ट्रेसिङ गर्ने प्रकृया के हो।

कोभिड - १९ केशसंग १५ मिनेट भन्दा बढी ६ फिटको दायरा भित्र आमुन्ने सामुन्ने भएको, शारिरीक सम्पर्क भएको, संक्रमितसंग पिपिइ बिना प्रत्यक्ष सम्पर्कमा आएको, कोभिड - १९ केशसंग १५ मिनेट भन्दा बढी बन्द वातावरणमा सम्पर्कमा आएको, विमानको सन्दर्भमा कोभिड - १९ केशको २ सिटको वरिपरी बसेको (तर, केशले अधिकतम चहलपहल गरेको, सार्वजनिक शौचालय प्रयोग गरेको खण्मा भने सम्पूर्ण यात्रुलाई उच्च जोखिममा राख्ने), केश हेरचाह गर्ने व्यक्तिले पिपिइको उलंघन गरेमा उच्च जोखिममा राखी परिक्षणको दायरामा ल्याईन्छ ।

स्रोत: https://nepalpolice.gov.np

सिमा नाकामा खटिएर चेकजाँच गर्ने कर्मचारीमा संक्रमण सर्ने जोखिम बढी छ भनिन्छ ।

सिमा नाकामा खटिएर चेकजाँच गर्ने कर्मचारीले सेवाग्रहीसंग सोधपुछ गर्दा कम्तिमा पनि दुई मिटरको दुरी कायम गर्ने र आवश्यक कागजात स्क्यान कपी अपलोड गर्न लगाई वा इलेक्ट्रोनिक माध्यमबाट मगाई हेर्ने व्यवस्था गरिएको छ । कागजात नै हेर्नु परेमा फज्जा लगाई सुरक्षित तरिकाले हेर्नु भनिएको छ ।

Source: https://drive.google.com/file/d/1Prz1sPcQv04O9ToqlWkTsf7txsnROhNo/view

सूचनाका स्रोतहरु

- नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय
- जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र
- स्वास्थ्य र जनसंख्या मन्त्रालय
- कोरोना कोष सञ्चालन निर्देशिका, २०७६
- कोभिड(१९ को अवस्थाअ
- कृषि तथा पशुपंछी विकास मन्त्रालय
- नेपाल श्रम शक्ति सर्वेक्षण
- सुरक्षित हुन के गर्ने
- प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

accountabilitylab NEPAL

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब	कुवेत	बहराईन	कतार	युएई	ओमान	मलेसिया	दक्षिण कोरिया
३,५२,६६७ नेपाली	८२,६३० नेपाली	२८,२७६ नेपाली	४,३७,००९ नेपाली	२,३१,०८८ नेपाली	८,२५० नेपाली	४,६९,१३१ नेपाली	५३,६९१ नेपाली
३५,०४८ संक्रमित	८,६८८ संक्रमित	४,८५६ संक्रमित	२२,५२० संक्रमित	१६,२४० संक्रमित	३४०० संक्रमित	६,६५६ संक्रमित	१०,९०९ संक्रमित
४२ नेपाली संक्रमित	२१ नेपाली संक्रमित	४९ नेपाली संक्रमित	२ नेपाली संक्रमित	७१ नेपाली संक्रमित		३ नेपाली संक्रमित	

स्रोत: https://who.sprinklr.com/

ShramikSanjal विदेशमा रहेका श्रमिकहरुका लागि महत्वपूर्ण जानकारी

कुवेत: १० मे २०२०, आइतबार बेलुका ४ बजे देखि ३० मे २०२०, शनिबारसम्म कुवेतमा पूर्ण कर्फ्यु लागू हुने भएको छ । कर्फ्युको अवधिमा कोअपरेटिभ सोसाइटी (Cooperative Society), खाद्यान्न आपूर्ति गर्ने लगायत ग्याँस सिलिण्डर वितरकहरु भने खुला रहनेछन् । कर्फ्यु अवधिभर बेलुका ४:३० देखि ६:३० सम्मको समयमा आफु बसोबास गर्ने क्षेत्रभित्र मात्र कार वा अन्य सवारीसाधनको प्रयोग नगरी मास्क लगाएर सामाजिक दूरी कायम राख्दै हिँडडुल गर्न सकीनेछ ।

यु.ए.ई.: दुबईमा २४ घण्टे लकडाउनको नियम खुकुलो पारे पनि केही नियमलाई भने अझै कडा बनाएको छ । बेलुका १० बजे देखी अर्को दिन बिहान ६ बजेसम्म पर्मिट बिना यात्रा गर्दा ३००० दिरहा जरिवाना तिर्नुपर्ने छ । यदी पर्मिट नै लिनु परेको खण्डमा अत्यावश्यक औषधी उपचारको लागिमात्र पास उपलब्ध गराईने छ। पास अनलाईन बाट लिन सकीन्छ।

परदेशमा पीडामा परेका श्रमिकहरुको "घर जान पाउँ" अभियानले अर्को चरण प्रवेश गरेको छ । "घर जान पाउँ" अभियानको ज्ञापन पत्र "परराष्ट्र मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, नोबेल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिमा पेश गरिएको छ । साथै, बैदेशिक रोजगार र श्रमको क्षेत्रमा कलम चलाउने पत्रकाहरुलाई पनि zoom meeting को माध्यम द्धारा यसको बारेमा जानकारी गराईएको छ

accountabilitylab NEPAL

$ फलो द मनी

जम्मा | खर्च

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २० करोड

संघिय सरकार

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब १ अर्व ८ करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

दाता

ए.डि.बि.
करिव ७ अर्व २० करोड

विश्व बैंक
करिव ३ अर्व ४८ करोड

आई.एम.एफ.
करिव १३ अर्व ९ करोड

युरोपियन युनियन
करिव ९ अर्व ८० करोड

प्रदेश	जम्मा रकम	खर्च गरिएको रकम	बाँकी रकम
प्रदेश १	करिब २८ करोड ९६ लाख	करिब १५ करोड ९ लाख	करिब १३ करोड ८७ लाख
प्रदेश २	६१ करोड	१७ करोड ७० लाख	४३ करोड ३० लाख
बागमती प्रदेश	४० करोड	१२ करोड ३२ लाख	१७ करोड ७५ लाख
गण्डकी प्रदेश	करिब १५ करोड	९ करोड २० लाख	५ करोड ८० लाख
प्रदेश ५	२३ करोड ६० लाख	१३ करोड ६० लाख	१० करोड
कर्णाली प्रदेश	५० करोड	१३ करोड २० लाख	३६ करोड ८० लाख
सुदुरपश्चिम प्रदेश	करिब ४० करोड २७ लाख	२० करोड १९ लाख	२० करोड ८ लाख

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो। थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

accountabilitylab NEPAL

कोभिड - १९ रेस्पोन्सलाई प्रभावकारी बनाउन सरकारलाई ७ सुझव

१. राहत वितरणमा भएको आय व्ययको विवरण सबैले सजिलै बुझ्ने भाषामा सार्वजनिक गर्ने ।

२. सरकारले बाँड्ने राहतमा गुणस्तरियता सुनिश्चित गर्ने। गुणस्तरहिन राहत सामाग्री बाँड्ने जो कोहीलाई कडा कारवाही गर्ने।

३. अनुगमनको पाटोलाई चुस्त बनाउने । अनुगमन र कार्यान्वयन गर्ने एउटै समिति हुनुहुदैन। अनुगमनको लागि छुट्टै स्वतन्त्र संस्थालाई जिम्मेवारी दिनुपर्दछ। राष्ट्रि सतर्कता केन्द्रलाई अनुगमनको लागि सकृय भूमिका दिन सकिन्छ ।

४. रिक्त रहेका कुटनीतिक नियोगमा तुरुन्त पदपुर्ति गर्ने ।

५. विभिन्न देशमा फसेका नेपाली नागरिकलाई तत्काल नेपाल ल्याउने व्यवस्था गर्नुपर्दछ ।

६. अख्तियारको सकृयता बढाउने । कती पैसा कहाँ गयो ? केमा खर्च भयो ? खर्च गऱ्यो कि गरेन ? भनेर सोध्ने । अनियमितता भयो भनेर कसैले उजुरी नै गर्नु पर्दैन, समाचारलाई आधार बनाएर पनि कारवाही अगाडी बढाउन सकिन्छ ।

७. नागरिकलाई सरकारको उपस्थितिको अनुभुती गराउन, हरेक नागरिकका आवश्यकताको प्राथमिकिकरण गरी माग पुरा गर्न स्पष्ट मापदण तयार गरी कार्यान्वयन् गर्ने ।

सुर्यनाथ उपाध्याय
पूर्व प्रमुख आयुक्त,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

सही सूचना

लकडाउनको समयमा मानसिक स्वास्थ्यको महत्व

लकडाउनको समयमा विभिन्न प्रदेशहरुमा भएका आत्महत्याका घटनाहरु

चैत्र ११, २०७६ - बैशाख २०, २०७७



अहिलेको लकडाउन जस्ता कठिन अवस्थामा मानसिक स्वास्थ्यको बारेमा विचार गर्नु महत्वपूर्ण हुन्छ । माथिको ग्राफले लकडाउनको अवधिमा आत्महत्याका घटनाहरु अझै तिब्र रुपमा बढीरहेको देखाउँछ । अनिश्चितता, डर, घरेलु हिंसा, दुर्व्यसन आदीले मानिसमा तनाव र मानसिक रोग निम्त्याउछ र प्राय आत्महत्याका घटनाहरु डिप्रसनले गर्दा भईरहेका हुन्छन् । प्राय सबै खाले आत्महत्याका घटनाहरु रोक्न सकिने खालका हुन्छन्, त्यसैले यस्तो अवस्थामा समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धी सहयोग बढी जरुरी हुन्छ ।

स्रोत: http://www.pahilopost.com

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219